मिति २०८३/३/२४ गते बसेको १८४ औं कार्यपालिका बैठकको प्रस्तावहरु

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. आ.व. २०८२/०८३ को हाल सम्मको सेवा प्रवाहको समीक्षा सम्बन्धमा ।

३. नगर प्रवक्ता ज्यूबाट नगरपालिकाको आ.व. २०८२/०८३ को असार महिनाको मासिक गतिविधि सार्वजनिकिकरण सम्बन्धमा ।

४. व्यक्तिगत घटना दर्ता रद्ध प्रकृयाका लागि सहजिकरण गर्ने सम्बन्धमा ।

५. कालिका मार्ग मापदण्ड संशोधन सम्बन्धमा ।

६. फोहरमैला व्यवस्थापन तथा फोहरमैला शुल्क संकलन कार्यविधि २०७६ को कार्यविधि संसोधन र पुनःठेक्का आब्हान गर्ने सम्बन्धमा ।

७. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि सेनेटरी प्याड खरिदको ठेक्का सम्वन्धमा ।

८.स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तर प्रमाणिकरण मापदण्ड २०८३ सम्बन्धमा ।

९.भुमी व्यवस्था सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/३/१७ गतेको च.नं. १३३४ को निर्णय कार्यान्वयन सम्बन्धमा ।

१०. नगरस्तरीय अनुगमन समितिको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

११. अन्य विविध ।

क. भुक्तानी सम्बन्धमा ।
ख. प्रतिनिधि मुकरर तोकी पठाउने सम्वन्धमा ।
ग. नगरस्तरीय भु- उपयोग परिषद्को निर्णय अनुमोदन सम्बन्धमा ।
घ. विज्ञापन कर संकलनका लागि ठेक्का म्याद थप गर्ने सम्बन्धमा ।
ङ चमेना गृह भाडा ठेक्का म्याद थप गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

मिति २०८३/३/३ गते बसेको १८३ औं नगरकार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २

यस रत्ननगर नगरपालिका यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुको आ.व.२०८२/०८३ को सार्वजनिक सेवा प्रवाहको बिषयमा समीक्षा गरियो। साथै यस रत्ननगर नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणका बिषयहरुमा आएका गुनासोहरु सम्बोधन गर्दै सेवा

२०८३/३/२४
प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

प्रवाहलाई जनमैत्री र पारदर्शी बनाउने विषयमा सबै पक्षले आ-आफ्नो पक्षबाट जिम्मेवारी वहन गर्ने र सेवा प्रवाहलाई थप सुशासनयुक्त बनाउने निर्णय गरियो।

<u>निर्णय नं. ३</u>

यस रत्ननगर नगरपालिकाका नगरकार्यपालिकाका सदस्य श्री राजेन्द्र हमालज्यू मार्फत २०८३ असार महिनाको २४ गते सम्म रत्ननगर नगरपालिकाले संचालन गरेका सेवा प्रवाह र विकास निर्माण सम्वन्धी मासिक गतिविधिहरु सार्वजनिकिकरण गरियो ।

<u>निर्णय नं. ४</u>

रत्ननगर नगरपालिका वडा न १२ बस्ने राम बहादुर के. सी. को नाति, उमेश के. सी. र राधिका थापा के. सी. को छोरा जन्म दर्ता मिति २०८०।०५।२६, दर्ता न. २०७३१०१९११३९९ को युरेक्स के.सी.को जन्दमर्ता प्रमाणपत्र जारी भएकोमा सो भन्दा अघि नै दर्ता नं. २०७३०६२९०७३११ को दर्ता मिति २०७७।१२२६ मा भएकाले सो पछिल्लो परिचयपत्र नं. २०७३१०१९११३९९ को जन्मदर्ता (खारेजी) को अधिकार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणं ऐन २०७६ को दफा २४ अनुसार स्थानीय अधिकारी (प्रमुख जिल्ला अधिकारी) मा भएकाले सहजिकरणका लागि स्थानीय अधिकारीलाई नगरपालिका मार्फत पत्राचार गरि पठाउने निर्णय गरियो।

<u>निर्णय नं. ५</u>

यस रत्ननगर नगरपालिका वडा नं. ३ देखि रत्ननगर नगरपालिका वडा नं. १४ हुँदै वडा नं. १६ सम्म जोड्ने कालिका मार्गको हाल कायम रहेको २४ (चौबिस) मिटर सडक मापदण्ड कायम रहेको र सडक क्षेत्र भित्र धेरै घर टहरा तथा निजी जग्गा प्रभावित हुने र सिमित आय स्रोत भई जग्गा अति कम भएका विपन्न परिवारहरु विस्थापित हुने अवस्था रहेको भनि वडा नं.१६ वडा नं.१४ र वडा नं. ३ को कार्यालयबाट उक्त सडक १६ मिटर कायम गरिदिनु हुन भनि सिफारिस भै आएको बिषय यस बैठकमा छलफल भयो । छलफल पश्चात सोही सडक नेटवर्क कालिका नगरपालिकामा २० मिटर मापदण्ड लागू भएको र यस नगरपालिकाको **MTMP** मा समेत २४ मिटर नै मापदण्ड रहेकाले उक्त सडकको मापदण्ड संसोधनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

यस रत्ननगर नगरपालिका भित्रबाट उत्सर्जित हुने फोहरमैला व्यवस्थापन तथा फोहरमैला शुल्क संकलन सम्वन्धी कार्यविधि २०७६ (पहिलो संसोधन सहित २०८३) अनुसार फोहरमैला व्यवस्थापन तथा फोहरमैला शुल्क संकलनका लागि आब्हान गरिएको बोलपत्रमा दुई वटा फर्म/कम्पनीले बोलपत्र पेश गरेको र मुल्यांकनका क्रममा दुई वटै बोलपत्र अस्वीकृत भएको बिषय यस बैठकमा जानकारी भयो । सो सम्वन्धमा छलफल गर्दा रत्ननगर नगरपालिकाको फोहरमैला व्यवस्थापन तथा फोहरमैला शुल्क संकलन सम्वन्धी कार्यविधि २०७६ (पहिलो संसोधन सहित २०८३) को अनुसुची २ को बुदाँ नं. २ मा रहेको मापदण्डले गर्दा बोलपत्र आह्वान सम्बन्धमा प्राप्त बोलपत्रहरूको परीक्षण तथा मूल्याङ्कन

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

गर्दा प्रतिस्पर्धा अपेक्षित रूपमा हुन नसकेको तथा बोलपत्रदाताहरूबीच ठेक्का संकुचन (Bid Suppression/Collusion) हुने अवस्थालाई समेत मध्यनजर गरि देहायको मापदण्ड संशोधन गरि पुनः ठेक्का लगाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

संशोधन गरिएको मापदण्ड अनुसुची – २ को

२. पछिल्ला ३ आर्थिक बर्षमध्ये कुनै एक आर्थिक वर्ष वा चालु आर्थिक बर्षसम्मको प्रमाणित बार्षिक जुनसुकै कारोबार औषत रु. १.५ करोडभन्दा बढी भएको हुनुपर्ने ।

निर्णय नं. ७

यस नगरपालिकाबाट ***E- bidding*** मार्फत खरिद प्रक्रियामा रहेको सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुका लागि **Sanitary Pad** वितरण कार्यक्रमका लागि प्राप्त बोलपत्र मध्ये सबैभन्दा न्युन अंक कबोल गर्ने **Angle touch Hygiene Manufacturing Pvt. Ltd.** को नमुना सेनेटरी प्याडको नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएको सेटेनरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसुची १ मा तोकिएको न्युनतम मापदण्डको गुणस्तर परीक्षणका लागि नेपाल गुणस्तर तथा नापतौल विभाग बालाजुबाट प्राप्त प्रतिवेदन अध्ययन गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएको सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसुची १ मा तोकिएको न्युनतम मापदण्डको १२ वटा बुँदा मध्ये बुँदा नं. ४ र ७ को मात्र ल्याव रिपोर्ट प्राप्त भएको अन्य मापदण्डको गुणस्तर परीक्षणका लागि विभागबाट आवश्यक उपकरण उपलब्ध नभएको भन्ने जानकारी भए पश्चात २ वटा मापदण्डको आधारमा मात्र सेनेटरी प्याड खरिद को निर्णय गर्न मनासिव नदेखिएको तथा संघीय सशर्त अनुदान रकम फिर्ता जाने अवस्था आएकाले सार्वजनिक हित, गुणस्तर सुनिश्चितता तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनको मर्मअनुसार हाललाई सेनेटरी प्याड खरिद सम्बन्धी बोलपत्र रद्ध गर्ने निर्णय गरियो।

निर्णय नं. ८

भुमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (MOFAGA) बाट जारी "स्थानीय तहको सेवा प्रवाहको मापदण्ड, २०८३" सम्बन्धमा कार्यपालिका बैठकमा जानकारी गराइयो। उक्त मापदण्डको उद्देश्य स्थानीय तहबाट प्रदान गरिने सेवालाई सरल, सहज, छिटो, पारदर्शी, उत्तरदायी, प्रविधिमैत्री तथा सेवाग्राहीमैत्री बनाउनु रहेकोले नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई सोही मापदण्ड अनुरूप व्यवस्थित गर्नु आवश्यक देखिएको हुँदा यस नगरपालिकामा मापदण्डमा उल्लेख भई कार्यान्वयन हुन बाँकी रहेका बिषयहरु लागु गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ९

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८३/३/१२ गतेको च.नं. ६२०३६ को निर्णय कार्यन्वयन सम्बन्धी बिषयको पत्र प्राप्त भई छलफल भयो साथै रत्ननगर नगरपालिकाका सबै निर्वाचित जनप्रतिनिधि तथा स्थायी, अस्थायी, करार, सेवा करार लगायत सम्पत्ति विवरण पेश गर्नुपर्ने दायित्व भएका कर्मचारीहरूले आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण सम्बन्धित फाराममा पूर्ण र यथार्थ विवरण भरी पेश गर्न पत्राचार गर्ने निर्णय गरियो ।

प्रकाश छिमिले
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १०**

नगरस्तरीय अनुगमन समितिबाट पेश भएको तपसिलको अनुगमन प्रतिवेदन अनुमोदन गरियो ।

**तपसिल**

यस रत्ननगर नगरपालिकाको आ.व. २०८२/८३ मा सम्झौता भई कार्य सम्पन्न हुन बाकी तपशिल वमोजिमका ठेक्काको स्थलगत अनुगमन गर्दा कार्य संचालन/सम्पन्न भएको देखिन आएकोले प्राविधिकको मुल्यांकन वमोजिमको रकम भुक्तानीका लागी सिफारिस गर्ने

**तपशिल**

१. वडा कार्यालय भवन निर्माण, १० र १४
२. अमिलिया स्कुल पर्खाल निर्माण, वडा नं. १३
३. हरिहर डेरी ट्रस निर्माण, वडा नं. १०
४. शिवालय मन्दिर ट्रस निर्माण, वडा नं. १०
५. सि.सि. क्यामरा जडान, वडा नं. १०, १२ र १४
६. गुम्बा पुर्वाधार निर्माण, वडा नं. १४
७. पन्चकन्या स्कुल देखि सालघारी सम्म फुटपाथ निर्माण, वडा नं. १२ र १३
८. झुवानी स्कुल पुर्वाधार तथा जिप्सन निर्माण, वडा नं. ५
९. सडक बोर्ड नेपालको सडक विस्तार, वडा नं. ६ र ७
१०. गाई प्रवर्दन कार्यक्रम, वडा नं. १२
११. नगरपालिका कार्यालय मर्मत, वडा नं. १
१२. हरियालीटोल डिप बोरिङ्ग, वडा नं. १४
१३. रत्ननगर खानेपानीवाट पाईप लाईन विस्तार, वडा नं. १ र २
१४. शेरी उच्चस्तरिय ग्रावेल, वडा नं. ४
१५. दुग्ध संकलन केन्द्र सामाग्री खरिद, वडा नं. १६
१६. वछ्यौली नारी चेतना समुह सहकारी पसल, वडा नं. ६
१७. डुङ्गी कुलो लाईनिङ्ग निर्माण, वडा नं. १६
१८. सडक बति, वडा नं. १ देखि १६

**निर्णय नं. ११ विविध**

**निर्णय नं. ११ विविध क**

यस रत्ननगर नगरपालिका वडा नं. ७ मा रहेको आ .वि. बद्रहनी मालपुर मा वि मा समायोजन भएकोले बद्रहनीबाट प्राथमिक तहका विद्यार्थीहरु मालपुर मा.वि. मा आउन जान यातायाताको व्यवस्था गर्न मालपुर मा.वि. लाई जिम्मा दिने र सोको लागि आवश्यक पर्ने रकम रु.७३५००/- (त्रिहत्तर **हजार पाँच सय मात्र**) रकम उपलब्ध गराइदिन नगर शिक्षा समितिको निर्णय सहित प्रस्ताव पेश गरेकाले नगरस्तरीय बिषयगत शाखा अन्तरगत शिक्षा शाखाको कार्यक्रम अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम शिर्षकबाट व्ययभार हुने गरि भुक्तानी गर्ने निर्णय गरियो ।

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.११ विविध ख.**

यस रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नगर प्रमुख, नगर उप प्रमुख, वडा कार्यालयहरु, वडा अध्यक्ष लगायत अन्य जनप्रतिनिधिज्यूहरुलाई प्रतिवादी बनाई दायर भएका मुद्धाहरुमा यस कार्यालयको तर्फबाट तारेख थाम्नको लागि र मुद्धाको अन्तिम किनारा नलागेसम्मका लागि रेवती प्रसाद पन्तकी बुहारी, प्रेम प्रसाद पन्तकी श्रीमती का. जि. तारकेश्वर नगरपालिका वडा नं. ६ बस्ने वर्ष ३५ की निर्मला पन्त चापागाँई (ना.प्र.नं. १०३४३९, जारी मिति २०६०।०२।१८ जि.प्र.का. गोरखालाई तपसिल बमोजिमको मुद्धाहरुमा वारेस दिने निर्णय गरियो ।

**तपसिल**

क. निवेदक — रुक्साना कपाली — रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय रत्ननगर चितवन मुद्धा नं. ०८२-W0-०१७३ उत्प्रेषण परमादेश, दर्ता मिति २०८२/४/१६ उच्च अदालत पाटन ललितपुर

**निर्णय नं.११ विविध ग.**

यस रत्ननगर न.पा. को भु- उपयोग परिषदबाट स्वीकृत भई अनुमोदनार्थ पेश भएको रत्ननगर नगरपालिकाको भु- उपयोग योजना तथा जग्गाको कित्तागत बर्गीकरण विवरणहरुलाई अनुमोदन गरि नगरपालिकाको आधिकारीक **Web Site** मा सार्वजनिक गर्दै सबै जग्गा धनिहरुलाई १५ दिन भित्र जग्गाको क्षेत्रगत बर्गीकरण संशोधन गर्नु पर्ने भएमा प्रकृयागत रुपमा यस नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्न ३५ दिने म्याद कायम गरी सार्वजनिक सुचना आब्हान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.११ विविध घ**

रत्ननगर नगरपालिकाको आ.व. २०८३।०८४ को विज्ञापन कर संकलनका लागि पुर्व सम्झौताको बुँदा न २ मा उल्लेख भए बमोजिमको शर्त अनुसार ठेकेदारको कार्यसम्पादन सन्तोषजनक रहेमा पुनः दुई आर्थिक वर्ष म्याद थप गर्न सकिने रहेको र राजश्व परामर्श समितिले पेश गरेको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन बाट वेलडन एड्भरटाइजिङ्ग प्रा. लि. लाई ठेक्का बन्दोबस्ति सम्बन्धिको साविकमा कवोल अंकको १० प्रतिशत वृद्धि गरी पुनः एक वर्षका दरले थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ विविध ङ.**

रत्ननगर नगरपालिकाको आ.व. २०८१।०८२ को रत्ननगनर नगरपालिकाको परिसरमा रहेको चमेना गृहको ठेक्का आ.व. २०८२।०८३ को मिति २०८३ असार मसान्त सम्म रहेको, उक्त सम्झौता रत्ननगर नगरपालिका र सुनिता खाजा घर बिच दुई वर्षको ठेक्का सम्झौता भई संचालनमा रहेको र मिति २०८३ भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा चमेना गृह तोडफोड र आगलागीका कारण भाडाकुडा लगायतका भान्सा सम्बन्धी सामानहरु सहित ठुलो धनको क्षति भएको व्यहोरा उल्लेख गर्दै संचालक श्री सुनिता सिङ्तानले पुनःएक वर्षका लागि ठेक्काको लागि निवेदन पेश गर्नुभएकोमा ठेकेदारको कार्यसम्पादन सन्तोषजनक रहेको र राजश्व परामर्श समितिले पेश गरेको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन बाट सुनिता खाजा घरलाई ठेक्का बन्दोबस्ति सम्बन्धिको साविकमा कवोल अंक अनुसार नै पुनःएक वर्षका लागि थप गर्ने निर्णय गरियो ।

२०८२।०६।२४

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत